# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मोहन्याल गाउँपालिका
## कैलाली

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मोहन्याल गाउँपालिका
## कैलाली

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मोहन्याल गाउँपालिका

## कैलाली

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१
च.नं. ७५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
मोहन्याल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कैलाली ।

१. **कैफियत सहितको राय –** हामीले मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड ९१ लाख ८२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रियाबाट फस्यौंट नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १८ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९५ लाख ५८ हजार र नियमित गर्नुपर्ने रु. २ करोड ७७ लाख ८१ हजार समेत रू. ३ करोड ९१ लाख ८२ हजार रहेको छ । मोहन्याल गाउँपालिकाको गतवर्ष सम्म रु. १६ करोड ९७ लाख ६२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २० करोड ८९ लाख ४४ हजार रहेको छ। **मोहन्याल गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने मोहन्याल गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी मोहन्याल गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
नायब महालेखापरीक्षक

मोहन्याल गाउँपालिका,

कैलाली जिल्ला।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७४ | ७२ | ३९१८२ | ० | ० | ० | ७४ | ७२ | ३९१८२ | १८४३ | २७७८१ | ९५५८ | ० | ० | ३७३३९ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कैलाली | १६९७६२ | ० | ० | १६९७६२ | ० | ३९१८२ | २०८९४४ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल ६२६.९५ वर्ग किलोमिटर तथा २१,०८२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१४ देखि २०८०।११।१ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय — व्ययतर्फ रु. १ अर्ब ७ करोड ९१ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

• बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेस स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाईएन,

• कानुन बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कार्यको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाईएन,

• दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन।

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

५ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२७४७२११.५६ अर्थात अनुमान भन्दा प्रतिशत ४५.०६ कम प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा संघीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| संघीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४३३९६५९३९.५४ | २७४७२११.५६ | ०.६३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त संघीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भमिगत।मालपोत कर | १०००००० | ३९८७३२.५६ | ४० |
| वहाल कर | १००००० | १७१६८८ | १७२ |

| | | | |
|---|---|---|---|
| वहाल विरौटी शुल्क | २००००० | ७४२३३६ | ३७१ |
| परीक्षा शुल्क | ५०००० | २५००० | ५० |
| अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | ५५५७८० | १११ |
| नक्सापास दस्तुर | १००००० | ० | ० |
| सिफारिस दस्तुर | ५००००० | २१४१०० | ४३ |
| व्यक्तिगत घटना दस्तुर | ५००००० | १७९४०० | ३६ |
| नाता प्रमाणित दस्तुर | ५०००० | २४४०० | ४९ |
| प्रशासनिक दण्ड जरिवाना जफत | १००००० | ० | ० |
| अन्य राजस्व | ३००००० | २८०३५६ | ९३ |
| व्यवसायिक कर | ३००००० | ६८७०० | २३ |
| पर्यटन शुल्क | ५०००० | ० | ० |
| अन्य सेवा शुल्क तथा विक्रि | ५०००० | ० | ० |
| अन्य स्रोतबाट प्राप्त रोयल्टी | १००००० | ० | ० |
| अन्य मनोरञ्जन कर | ५०००० | ० | ० |
| कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ५०००० | ० | ० |
| बेरुजु | १०००००० | ८६७१९ | ९ |
| | ५०००००० | २७४७२११.५६ | ५४.९४% |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

८ **राजश्व वाँडफाँड -** राजश्व बाँडफाँड सुदूर पश्चिम प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्रको माटो ढुङ्गा गिटी बालुवा र दहत्तर बहत्तरको संकलन प्रदेशले तोकेको दरमा स्थानीय तहले कर संकलन गर्ने र संकलित उक्त करको ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गरी सोको विवरण आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी शिर्षकमा संकलन गरेको राजश्वमा कानुन बमोजिम प्रदेश संचित कोषमा दाखिला गर्न बाँकी रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **आय शीर्षक** | **संकलित रकम** | **प्रदेशलाई पठाउनु पर्ने प्रतिशत** | **पठाएको रकम** | **पठाउन बाँकी रकम** |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | १७५३८९५ | ४० | ६७६३५०० | २५२०८० |
| | | | प्रमाण पेश नगरेको | २,५२,०८० |

९ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर वापत रु. ६८७०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था रहेन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१० **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

११ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथामिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन ।

ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्रथामिकीकरण र कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ४४ करोड ७९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पालिकाले तोकिएको अवधिभित्रै बजेट खर्चको अख्तियारी दिने व्यवस्था गर्दै बजेटको प्रभावकारी कार्यान्वयनको लागि कार्यतालिका सहितको कार्यान्वयन योजना बनाई सोअनुरुप कार्यान्वयन गर्न पालिकाले पर्याप्त ध्यान दिनुपर्दछ ।

१४ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल २२३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५९ | ८ | १० | ४१ |
| २ | वडास्तरीय | १६४ | ० | ११ | १५३ |
| | | २२३ | ० | २१ | १९४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २१४ योजनामात्र कार्यान्वयन भई ९ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१५ **लक्ष्य प्रगति** - कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा संघीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | २२३ | ९ | १ | १ | २१२ |

१६ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १४११८६६०१.५९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१७ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६,३०,२८,५२९.०० | ३,७५,५३,२७५.०० | ८.७२ |
| २ | पूर्वाधार विकास | ८,२७,९७,३७६.०० | ६,७०,६९,७०२.५९ | १५.५७ |
| ३ | सामाजिक विकास | २४,३६,९५,००१.०० | २२,९७,९५,९०७.२७ | ५३.३६ |

| | | | | |
|---|---|---|---|---|
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,९६,६४,०००.०० | १,७२,५३,२९८.५७ | ४.०१ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,७२,०३,८८३.२० | ७,९०,०६,४७९.९४ | १८.३४ |
| जम्मा | | ५१६३८८७८९.२ | ४३०६७८६६३.३७ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४७.१९ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ३.८० प्रतिशत रहेको छ ।

१८ **खर्च विश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २७४७२११.५६ राजस्व बाँडफाँड र अनुदानबाट रु. ४३३९६५९३९.५४ समेत रु. ४५९४९१२९७.५० आम्दानी भएकोमा चालु तर्फ रु. २८९४९२०६१.७८ र पूँजिगत तर्फ रु. १४११८६६०१.५९ समेत रु. ४३०६७८६६३.३७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ६१००४४२ खर्च भएको छ जुन आन्तरिक आयको १२२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.२२ प्रतिशत चालु र ३२.७८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१९ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छः-

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १४११८६६०१.५९ | १६१२६०७ | २२८०३५२५ | २९८७१९१३.५९ | ८६८९८५५६ | ५९०८६५४७ |
| प्रतिशत | १०० | १.१४ | १६.१५ | २१.१६ | ६१.५५ | ४१.८५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १४११८६६०१.५९ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १६१२६०७ (१.१४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २२८०३५२५ (१६.१५प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २९८७१९१३.५९ (२१.१६ प्रतिशत) खर्च र चौथो त्रैमासिकमा रु. ८६८९८५५६ (६१.५५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५९०८६५४७ (४१.८५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन

गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२० **वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक सहयोग जस्ता शिर्षकबाट ८१ थान कम्बल खरिद गरी ८१ जनालाई रु. २४३०१२.१५ भुक्तानी दिएको छ। खरिद गरेको सामाग्री मध्ये पालिकाले ८१ थान कम्बल ७ वडाहरुमा वितरण गरेको पाइएतापनि कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

२१ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ९.४३ देखि ४३.७८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Ward Office Building - Ward no 5 | MRM/NCB/WORKS/04/2079/080 | Pratibha Nirman Sewa Bardagoriya 1 bauniya kailali | 6418641.40 | 58,13,364.72 | 9.43 |
| 2 | Thuligad Tatbandhan | MRM/NCB/WORKS/01/2079/080 | Jimee Construction & consult | 3044027.84 | 2294944.54 | 24.61 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | Pvt.Ltd Dhangadhi 4 Utterbehadi ,Kailali | | | |
| 3 | Karnali Nadima Ruinikot Bajar Hudai Solta Samma Tatbandhan | MRM/NCB/WORKS/02/2079/080 | Jimee Construction & consult Pvt.Ltd Dhangadhi 4 Utterbehadi ,Kailali | 3088341.99 | 20,00,886 | 35.21 |
| 4 | Solta-Raksa-Khimadi-Birkhet Sadak Staronnati Yojana | MRM/NCB/WORKS/03/2079/080 | Shreedhar Basanta Nirman Sewa, Mohanyal R.M.-06, Kailali | 9600113.42 | 5432244 | 43.41 |
| 5 | Ruinikot bajar dekhi magar tole hudai paneri pasal samma bato pictch (Black Top) | MRM/NCB/WORKS/02/2078/079 | Jay Malika Nirman Sewa Bardagoriya 1 Kailali | 3627879.89 | 2039738.44 | 43.78 |
| 6 | Mohanyal Gaupalika Stariya 10 Bed Adharbhut Hospital Building | MRM/WORKS/NCB/01/2077/78 | C.M.-shahi-PRASANSA J/V lamki chuha Municipality 2 Kailali | 96254240.32 | 60924645.44 | 36.70 |
| 7 | Construction of Prefabricated office Building | MRM/NCB/WORKS/01/2078/079 | Jay Malika Nirman Sewa Bardagoriya 1 Kailali | 9152665 | 58,55,609.22 | 36.02 |
| 8 | Raji Recchaa lift | MRM/NCB/W/25-2076/77 | Ultra Solar Energy and | 23582664.4 | 17929648.50 | 23.97 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | irrigation project | | engineering Pvt.ltd | | | |
| 9 | Pauma Gada lift irrigation Project | MRM/NCB/W/21-2076/78 | Altra Solar Energy and engineering Pvt.ltd | 15602130.11 | 10433400.5 | 33.13 |
| 10 | Birkhet lift irrigation project | MRM/NCB/W/23-2076/80 | Ultra Solar Energy and engineering Pvt.ltd | 12582175.39 | 8418241.22 | 33.09 |
| 11 | Construction of Kunie to Solta Road (Premix Carpeting) Ch-5+810 to Ch 10+500 | MRM/NCB/WORK/02-2074/2075 | Mahadev Khimti-Swar-Rudrawati J.V. | 35394682.65 | 25707158.01 | 27.37 |

२२ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२३ **औषधि खरिद** – पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा–महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाल औषधी खरिद(पालिका चालु), आधारभूत तथा आकस्मिक सेवाको लागि औषधि खरिद (संघीय ससर्त) र स्वास्थ्य औषधी खरिद (पालिका चालु) बजेट उप शिर्षकबाट मयुर फर्माटिकल्स प्रा.लि, विभुम मेडिसिन सप्लायर्स र दया मेडिसिन सप्लायर्स फर्मसँग क्रमशः रु. ४६११२०, रु. १६५९००० र रु.९०००८४ गरी जम्मा रु.३०२०२०४ को औषधि सोझै खरिद विधिबाट खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्णरुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत एकिन भएन ।

अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था एकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२४ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ६ बर्थिङ सेन्टरमा गत वर्ष ५५४ थानको रु. ४९९००० र यस वर्ष ४२२ थान को रु. ३७९१०३.७० खरिद गरेकोमा गत वर्ष ४७९ जना र यस वर्ष २९७ जना गरी ७७६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २०० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२५ **ट्याक कोट -** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले कुइने सोल्टा सडक खण्ड-२, ठेक्का नम्बर MRM/NCB/WORK/02-2074/75 श्री महादेव खिम्ती/स्वाँर/रुद्रवती जे.भी. लाई कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत ०.७ प्रति लिटरका दरले भुक्तानी दिएको देखियो । पालिकाले प्रति लिटर ०.१ ले बढी हुने गरी भुक्तानी दिएको ९८२.८ परिमाणको रु.११० का दरले हुने रु. १,२२,२६२ (मु.अ.क. समेत) असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२२,२६२ |

२६ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

२७ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२८ **कानून र सञ्चालन स्थिति** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ५ वटा नियमावली, २२ कार्यविधि लगायत ३३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १९ वटा कानूनहरु निर्माण गरेको पाइएन ।यसरी सभा।कार्यपालिकाबाट स्वीकृत गरी २२ वटा उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको भएतापनि सो कानूनहरुको परिपालना प्रभावकारी रुपमा गरी गर्नुपर्दछ ।

२९ **न्यायिक समिति** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष २ विवाद दर्ता भएकोमा कुनैपनि विवाद फस्यौंट नभएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३० **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएको भएपनि पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

३१ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

३२ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १०० जना व्यक्तिहरुलाई रु. ७५९६९७ आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २७४७२११.५६ को २७.६५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

३३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लापोडेडे , कृषि अधिकृत, इन्जीनियर, अधिकृत छैठौं सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

३४ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियन्त्रण गरी कार्यक्रम, कार्य प्रकृति, कार्यबोझ, राजस्व क्षमता र औचित्यका आधारमा O &M Survey गरी रिक्त पदको संख्या समयमै प्रदेश लोक सेवा आयोगमा पठाई स्थायी पदपूर्ती गर्नतर्फ पालिकाले पर्याप्त ध्यान दिनुपर्छ ।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| इञ्जिनियर, असई, नाप्रस, नापसेपालगायतका पदहरु | ४८ | १४९६५४५३ |

३५ **फोहरमैला व्यवस्थापन —** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३६ **विविध तथा सभा संञ्चालन खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खाना लगायत) रु.८,४४,१७९ खर्च गरेको र सभा सञ्चालनतर्फ रु. ५,२२,७८५ छ। सो उक्त खर्च पालिकाको आन्तरिक आय रु. २७४७२११.५६ को ४९.७६ प्रतिशत हुन आउँछ।

यस्तो खर्चमा अत्याधिक खर्च भएको पाइयो । जसका कारण पालिकाको पूँजीगत खर्चमा असर पर्ने हुँदा यस्ता खर्च नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.स | गोभौ/मिति | खर्च विवरण | रकम रु. |
|---|---|---|---|
| १ | ४६।२०७९।०६।१३ | खाना खर्च | ७२,९८६ |
| २ | ४३१।२०७९।११।१८ | चिया नास्ता | ७०,६५० |
| ३ | ६९९।२०८०।०३।०७ | खाजा नास्ता | ५५,०६७ |

३७ **समिति गठन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन । ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

३८ **कार्य योजना -** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ । पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन । विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ ।

३९ **बार्षिक प्रतिबेदन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४० **सवारीसाधन खरिद —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्न अनुसार सवारी साधन वापतको रु.

५९७८८०० भुक्तानी गरी यसै आ.व मा खरिद गरेको उल्लेख छ । उक्त मुल्यका सवारी साधन सुत्रबाट प्राप्त पालिकाको यस आ ब को आन्तरिक आय रु. २७४७२११.५६ को २१७.६३ प्रतिशत रहेको देखिन्छ । आवश्यकतामा आधारित रही सवारी साधान खरिद गर्नुपर्दछ ।

| सि.नं | सवारी साधन | संख्या | खरिद मिति | रकम |
|---|---|---|---|---|
| १ | मोटरसाईकल | १ | २०८०/३/२० | ६४९००० |
| २ | मोटरसाईकल | २ | २०८०/३/१९ | ६५९८०० |
| ३ | पिकअप (भ्यान) | १ | २०८०/२/१७ | ४६७०००० |
| जम्मा | | | | ५९७८८०० |

## ४१ वित्तीय बिबरणको परीक्षण

४१.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४१.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८,५३,८६,८२६.०१ र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ६०,९२,००० समेत गरी रु. ९,१४,७८,८२६.०१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

४१.३ **फरक हिसाब –** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१,९६,०५,५०१.२८ , यस वर्षको प्राप्ति रु. ८४,४५८,७२२.५०, यस वर्षको भुक्तानी रु.८,८३,५६,५१८.४४ र बैङ्क मौज्दात रु. १,३०,५५,४०५.७४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी

म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ५२३९९०३६.६१ | ४५९४९१२९७.५० | ४३६७१३१५१.१ | ७५१७७१८३.०१ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३२७९३५३५.३३ | ५४३९५००२० | ५२५०६९६६९.५४ | ५१६७३८८५.७९ |
| फरक | १,९६,०५,५०१.२८ | ८४,४५८,७२२.५० | ८,८३,५६,५१८.४४ | १,३०,५५,४०५.७४ |

४१.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४,७०,६५,३८१.७ मौज्दात रहेकोमा यो वर्ष रु. ५,२३,९९,०३६.६१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५३,३३,६५४.९१ बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

४१.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४२९९३९०५.७८ | ४२०१७२२३.९९ | (९७६६८१.७८) |
| चालु खर्च खाता | ० | ११२२८२.४९ | ११२२८२.४९ |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | ६९९०६७२.९८ | ६९९०६७२.९८ | ० |

| | | | |
|---|---|---|---|
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६३९५३३.५० | १६८९५३३.५० | ५०००० |
| स्थानीय तह विभाज्य कोष खाता | ७३९३७००.८० | ७३९३७००.८० | ० |
| स्थानीय तह विविध कोष खाता | १०००००० | १०००००० | ० |
| स्थानीय तह धरौटी खाता | ९५८०६६१.८० | ९५८०६६१.८० | |
| बैंक कारोबारमा भिन्नता राजश्व खाता र सञ्चितकोष खाता | (४८६९१८३.३३) | | ४८६९१८३.३३ |
| जम्मा | ६,४७,२९,२९१.५३ | ६,८७,३४,०७५.५६ | ४,००४,७८४.०३ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।म ले प फा नं २७२ अनुसार बैंक तथा नगद बाँकी ६,४७,२९,२९१.५३ देखिएकोमा बर्षान्तरको बाँकी रकम रु.७,५१,७७,१८३ र सेस्ता र बैंक बिचको फरक ४०,०४,७८४.०३ देखिएको छ । यस सम्वन्धमा पालिकाले एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

४१.६ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. १,१२,२८२.४९ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

४१.७ **कर दायित्व** — पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. २,५४,२६७.२७ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५४,२६७ |

४२ **परामर्श तथा डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्विकृत रकम** | **खर्च रकम** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| भू-उपयोग योजना तथा जग्गा वर्गीकरण सम्बन्धी कार्य | श्री आयिका रिसर्च एण्ड कन्सल्टेन्ट्स प्रा. लि. धनगढी, कैलाली | १६,६३,५८० | १६,६३,५८० |
| भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासिको जग्गा सर्भे तथा नाप नक्सा तयार गर्ने र आवश्यक नियन्त्रण बिन्दुहरुको सर्भे तथा स्मारक निर्माण गर्ने | श्री मस्क डियर ईन्जिनियरीङ कन्सल्टेन्सी, धनगढी, कैलाली | १८,७१,५२७ | १८,७१,५२७ |
| पितमारी-आमपानी-बजाडी-युद्द पर्यटकिय तथा पिकनिक स्टप डि. पि. आर. निर्माण योजना | न्यु प्लानेट ईन्जिनियरीङ सर्भिसेस प्रा. लि. पेप्सिकोला, काठमाण्डौं | ४,९०,६०० | ४,९०,६०० |
| बिभिन्न ८ वटा खोलाहरुको IEE | श्री एम. एच. ईन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्सट्रक्सन प्रा. लि. | १५,७८,२८२ | १५,७८,२८२ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

४३ **भ्रमण खर्च -** सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत अन्य भ्रमण खर्च शिर्षक, अनुगमन, मूल्यांकन खर्च र भ्रमण खर्च शिर्षकबाट गरी जम्मा रु.४३,३७,००० खर्च गरेको छ ।भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन -

· अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय र स्पष्ट आधार नदेखिएको ।

· भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नभएको र केही पेश भएको भ्रमण प्रतिवेदनमा पनि भ्रमणको उद्देश्य प्रष्ट नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्चको उच्चतम सदुपयोग भएको भन्ने अबस्था देखिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पूर्ण पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता र प्रभाबकारी हुने गरी खर्च गर्नेतर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४४ **ईन्धन खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम

हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।पालिकाको नाममा रहेका १२ वटा मोटरसाईकल, २ वटा डोजर, ,१ जिप गरी जम्मा १५ वटा सवारी साधनका लागि आ.व २०७९/८० मा ईन्धन पदाधिकारी शिर्षक, ईन्धन अन्य प्रयोजन र ईन्धन कार्यालय प्रयोजन शिर्षकबाट रु.२९८९,१२१ गरी जम्मा रु.३१,२०,४५२ खर्च गरेकोमा कुन सवारी साधनमा ईन्धन कती खर्च भयो सो खुल्ने अभिलेख व्यवस्थित राखेको पाईएन ।प्रयोगकर्ता, प्रयोजन र भ्रमण किलोमिटर जस्ता व्यहोरा स्पष्ट खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सो बेगर तथा लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने तथा खर्च गर्दा मितव्ययीरुपमा गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।

४५ **सवारी मर्मत -** सवारीसाधनको मर्मत गर्दा म. ले. प फाराम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाटस्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्वन्धी अभिलेख म.ले. प फाराम ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नु पर्दछ ।पालिकाले वर्षभरिमामेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्चर सवारीसाधन मर्मत खर्च शिर्षकबाटजिप, डोजर र मोटरसाईकल मर्मत गरी जम्मा रु. ३४,२२,६२५ खर्च गरेको छ।पटक पटक एउटै सवारी साधन मर्मत गरेकोमा मर्मत गर्नुपर्ने स्पष्ट कारण खुलेको छैन साथैमर्मत गर्दा केही मर्मत आदेश स्वीकृत गरेतापनी पूर्णरुपमा मर्मत आदेश स्वीकृतनगरी मर्मतका विलमात्र संलग्न राखि भुक्तानी दिएको पाईयो भने मर्मत अभिलेख पनीअद्यावधिक गरेको देखिएन यस सम्वन्धमा देखिएका केही उदाहरणहरु –

| क्र.स | सवारी साधनको प्रकार | सवारी साधानको नं | रकम |
|---|---|---|---|
| १ | जिप | से १ झ २५२ | १५४४५७ |
| २ | डोजर | सु-प-प्र ०१-००१ झ ३८१९ र ३८२० | ५१४४१९ |
| ३ | मो.सा | १२ वटा मो.सा | ३८७२६४ |
| जम्मा | | | ९,०१,६८३ |

पालिकाले आ.व २०७९/८० मा मर्मतमा जम्मा रु. ३४,२२,६२५ खर्च गरेकोमा रु. ९,०१,६८३ को मात्र अभिलेख जनाएको पाईयो ।सबै साधन मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेशस्वीकृत गराई मर्मत अभिलेख अद्यावधिक गर्ने तथा मितव्ययी तरिकाले खर्च गर्नेतर्फ ध्यानदिनुपर्दछ ।

४६ **गाडी भाडा -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली,२०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।पालिकाले विभिन्न मितिमा सवारी धनीसँग सम्झौता गरेर गाडी भाडामा लिई प्रयोग गरेको देखिन्छ।यसरी गाडी भाडामालिई सवारी साधन तथा मेशिनरी औजार शिर्षकबाट रु.१२,७०,०१३ सहित अन्य शिर्षकबाट समेत खर्च गरेको छ । कार्यालयको कामकाजको शिलशिलामा मात्र खुलाई प्रष्ट प्रयोजन

बेगर पालिकाको आफ्नै गाडी हुँदाहुँदै गाडी भाडामा लिई प्रयोग गर्ने गरेको पाईयो । यस सम्वन्धमा केही उदाहरणहरु –

| क्र.स | गो.भौ.नं र मिति | भुक्तानी लिनेको नाम | रकम |
|---|---|---|---|
| १ | २२,२०७९/६/११ | खडक बहादुर चौधरी | ५०००० |
| २ | ५२,२०७९/६/१३ | तिर्थराज उपाध्याय र गगन बहादुर बि.क | ७८५०० |
| | ११२,२०७९/७/२१ | तिर्थराज उपाध्याय | ८१००० |
| ३ | ४९३,२०७९/१२/२८ | नर बहादुरवि.क | ५४००० |
| | ६९१,२०८०/३/४ | तिर्थराज उपाध्याय | ५७००० |
| जम्मा | | | ३,२०,५०० |

पालिकाले यस्तो खर्चलाई नियन्त्रण गरी खर्च गर्दा मितव्ययी हुनु पर्ने देखिन्छ ।

४७ **भ्रमण खर्च भुक्तानी -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ६(ख) मा चौध दिन भन्दा बढी अवधीको लागि दैनिक भत्ताको पचास प्रतिशत मात्र पाउने, उपनियम ७ मा आवास सुविधा उपलब्ध नगराएको तालिममा मात्र कार्यक्रममा सहभागी हुन लाग्ने दिन गणना गरी काज खटाउन सक्ने व्यवस्था छ । पालिकाले सहायक महिला विकास निरिक्षक रत्ना बोहरालाई मिति २०७९/५/८ देखी २०७९/६/११ सम्म प्रशासनिक प्रशिक्षण तालिम केन्द्र, डोटीमा सेवाकालिन तालिममा खटाईएको उल्लेख गरी जम्मा ३४ दिनको रु.१२०० का दरले रु.४०,८०० भुक्तानी गरेको पाईयो । प्रशासनिक प्रशिक्षण तालिम केन्द्र, डोटीमा आवासको सुविधा सहित सेवाकालिन तालिममा सहभागी भएको हुँदा नियममानुसार पचास प्रतिशतले हुने रु.२०,४०० भुक्तानी दिनुपर्नेमा नियम विपरित रु.४०,८०० भ्रमण भत्ता भुक्तानी दिएको हुँदा बढी भएको भुक्तानी रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,४०० |

४८ **महङ्गी भत्ता-** मिति २०७९।४।१५ को गाउँपालिकाको निर्णय नं २ मा गाउँपलिकामा कार्यरत स्थायी तथा करार कर्मचारीहरुलाई दोहोरो भत्ता नपर्ने गरी क्रमशः अधिकृत स्तर, सहायक स्तर तथा श्रेणी विहिनलाई रु. ४०००, रु. ३००० र रु. २००० मासिक रुपमा स्थानीय प्रोत्साहन भत्ता उपलब्ध गराउने उल्लेख छ। पालिकाले सो निर्णय बमोजिम उल्लेख गरी ३६ करार कर्मचारीलाई मासिक २००० का दरले रु. ८,६४,००० महंगी भत्ताको रुपमा भुक्तानी गरेको देखिन्छ। गाउँ कार्यपालिका निर्णयमा प्रोत्साहन भत्ता भनिएपनि तलबि भरपाई (पेरोल) मा महंगी भत्ता उल्लेख गरी भुक्तान गरिएको पाईयो। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२१ को परिपत्रअनुसार कार्यलयमा कार्यरत करार कर्मचारीहरुलाई महङ्गी भत्ता नदिने उल्लेख छ। पालिकाको निर्णय बमोजिम नै दोहोरो भत्ता नहुने गरी

करारमा कार्यरत कर्मचारीहरूलाई मासिक रू. २,००० का दरले प्रोत्साहन भत्ता भुक्तानी भएको सम्बन्धमा पालिका सुनिश्चित हुनुपर्दछ।

## ४९ आन्तरिक राजस्वतर्फ-

४९.१ **निरीक्षण नभएको —** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.२७,४७,२११।५६ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन।

४९.२ **राजस्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन् एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

४९.३ **ढिला राजश्व दाखिला-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ । पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखि ढिला दाखिला गर्ने गरेको पाईयो यसमा तत्काल सुधार हुनुपर्दछ ।

ढिला दाखिला देखिने केहि उदाहरण निम्नअनुसार छन् -

| वडा नं. | आम्दानी अवधि | रकम | दाखिला मिति |
|---|---|---|---|
| १ | २०७९ साउन देखि माघसम्म | ३०,६७५ | २०७९/११/१० |
| २ | २०७९ साउन देखि कार्तिकसम्म | १९,५०० | २०७९/८/२१ |

| | | | |
|---|---|---|---|
| ३ | २०७९ साउन देखि फागुनसम्म | ५४,३६५ | २०७९/१२/०६ |
| ५ | २०७९ साउन देखि मंसिरसम्म | ८४,५०० | २०७९/१२/०७ |

५० **पकेट कार्यक्रम** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुयलको परिच्छेद-७ को ७.१ कृषि उत्पादन सामाग्री विउ, वेर्ना तथा विरुवामा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ । पालिकाले गो.भौ नं. ३८६ मिति २०८०/०३/१७ मा सुन्तला पकेट कार्यक्रमका लागि रु. ४,३१,४५० अनुदान उपलब्ध गराउँदा लाभग्राहीको ५० प्रतिशत सहभागिता रु.२,१५,७२५ हुनुपर्नेमा भएको पाईएन। अतः कार्यविधि अनुसारको लागत सहभागिता हुनुपर्ने रकम सम्बन्धित समूहबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१५,७२५ |

५१ **यातायात खर्च** - अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद नं. ७.१.१५ अनुसार सवै प्रकारका तालिम तथा गोष्ठिमा उपस्थित सहभागीलाई यातायात खर्च दिँदा सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी दुई दिनसम्मको लागि एकमुष्ट रू.२०० र सो भन्दा वढी जतिसुकै दिन भए पनि रू. ५०० एकमुष्ट पाउने व्यवस्था छ। पालिकाले सञ्चालन गरेको १ दिने अगुवा कृषक बाली बिमा कार्यक्रममा रु.९९,९९६ खर्च भएको उल्लेख गरी दिपक प्रसाद न्यौपानेलाई भुक्तानी दिएको पाईयो। अगुवा कृषक बाली बिमा कार्यक्रममा २७ जना सहभागिलाई यातायात खर्च भुक्तानी गर्दा रु.२०० का दरले गर्नु पर्नेमा रु.१२५० का दरले नर्म्स भन्दा बढी हुने गरी रू.२८,३५० भुक्तानी भएको हुँदा कार्यक्रम निर्देशिका विपरित बढी खर्च भएको रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,३५० |

५२ **तालिमको अनुगमन** - अर्थ मन्त्रालयले जारी गरेको कार्यसंचालन निर्देशिकाले सबै प्रकारका तालिम, गोष्ठी ,सेमिनार संचालन सम्वन्धी खर्चको मापदण्ड तोकेको छ । जसमा तालिमको अनुगमन वापतको रकम भुक्तानी पाउने व्यवस्था रहेको पाईदैन ।पालिकाले संचालन गरेको अगुवा कृषक बाली बिमा कार्यक्रममा तालिमको अनुगमन वापत उल्लेख गरी ८ जनालाई रु.१६,८०० र किसान परिचय पत्र वितरण कार्यक्रममा ९ जनालाई रु.२१,२०० गरी जम्मा रु. ३८,००० भुक्तानी गरेको पाईयो। निर्देशिकाले व्यवस्था गरे भन्दा बाहेक तालिमको अनुगमन वापत रकम भुक्तानी लिनु मनासिव देखिदैन। यस्तो कार्यलाई नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

५३ **नर्म्स भन्दा बढी भुक्तानी** - अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ सि. नं. ४ मा तालिम केन्द्र बाहेक अन्य निकायवाट गाउँपालिकास्तरमा सञ्चालीत सहायक स्तरको तालिम/अन्य तालिममा कक्षा सञ्चालन वापत रू.६०० र कार्यपत्र वापत रू.७०० पाउने व्यवस्था छ। पालिकाले सञ्चालन गरेको देहायबमोजिमका तालिममा प्रशिक्षकलाई कक्षा सञ्चालन र कार्यपत्र वापत निर्देशिका विपरित बढी रकम भुक्तानी भएको पाईयो ।निर्देशिका विपरित बढी भुक्तानी भएको रकम सम्वन्धित व्यक्तीबाट असुल गरी दाखिला गर्नुपर्ने रू.

| क्र.स. | नाम | कार्यक्रम | सेसन | कर कट्टी पछी हुनु पर्ने रकम रु. | कर कट्टी पछी भएको रकम रु. | बढी भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | श्यामराज जोशी | किसान परिचय पत्र वितरण कार्यक्रम | ६ | ६६३० | १०७१० | ४०८० |
| २ | कामना कार्की | | ६ | ६६३० | १०७१० | ४०८० |
| जम्मा | | | | | | ८१६० |
| | | | | | असुल गर्नुपर्ने | ८,१६० |

५४ **खेलकुद कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगदी, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।पालिकाले सञ्चालन गरेको तपसिलबमोजिमको खेलकुद प्रतियोगिताकार्यक्रममा खाना, खाजा, भत्ता र ड्रेसमा खर्च भएको विल भरपाई मात्र संलग्न राखि रु.६,२९,००० खर्च गरेको छ ।

| क्र.स | गो.भौ.नं र मिति | खेलकुद कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ४६३,२०७९/१२/२ | पालिका स्तरिय खेलकुद कार्यक्रम | २५५००० | दाल, तेल, मसला, आलु खाना, नास्ता, खेलकुद सामाग्री र चियाको विल मात्र पेश |
| २ | ४७७,२०७९/१२/८ | पालिका स्तरिय खेलकुद कार्यक्रम | २४०००० | खाना, नास्ता, चियाको विल, गाडी भाडा र प्रशिक्षकमा खर्च |
| ३ | ५२५,२०८०/१/७ | वडा अध्यक्ष खेलकुद कप | १३४००० | खाना, नास्ता र चियाको विल मात्र पेश |
| जम्मा | | | ६,२९,००० | |

कुन दिनमा कति खेलाडी र प्रशिक्षकको लागि के कति खर्च भयो प्रष्ट नभएको र कुन खेलका लागि कति खेलाडीले सहभागिता जनाएका थिए सो लाई पुष्टी गर्ने प्रतिवेदन नराखी भुक्तानी गरेको पाईयो ।अतः परिचय खुल्ने कागजात सहित खर्च खुल्ने प्रष्ट आधार र आवश्यकतालाई ख्याल गरि मितव्ययी तरिकाले खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५५ **पेश्की जमानतको म्याद सकिएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा सम्झौतामा उल्लेखित समयावधिभित्र सम्पादन नभएको कारणले पेश्की फछ्र्यौट हुन नसकेमा बैङ्क जमानतको रकम जफत गरि पेश्की फछ्र्यौट गर्नुपर्ने र निजबाट त्यस्तो पेश्की रकमको सयकडा दश प्रतिशत ब्याज समेत असुल गर्नुपर्ने व्यवस्था रहेको छ। ठेक्का नं MRM/WORKS/NCB/02/2078/79 रहेको रुनिकोट

बजार देखि मगरटोल हुँदै पनेरी पसलसम्म सडक पिच (कालोपत्रे) कार्यको लागि जय मालिका निर्माण सेवासँग मिति २०७९।३।३० कार्य सम्पन्न गर्ने गरी २०७८।१२।१५ मा रु. २०,३९,७३८ को सम्झौता भएको देखिन्छ। जय मालिका निर्माण सेवाले ग्लोबल आईएमई बैंकबाट Advance Payment Guarantee No: APG2022NPR00005 रहेको रु. ४,००,००० को मिति २०७९।३।१३ सम्म म्याद रहेको बैंक जमानत पेश गरेको र पालिकाले सोहि रकम बराबर पेश्की भुक्तानी गरेको देखिन्छ। पालिकाले विल भुक्तानी गर्दा रु. २,००,००० पेश्कीका रुपमा फछ्र्यौट गरेको देखिन्छ भने बाँकी रु. २,००,००० फछ्र्यौट नगरिएको अवस्था छ। पेश्कीको बैंक जमानत मिति सकिएको साथै ठेक्काको म्याद थप नभएको अवस्थामा सम्बन्धित निर्माण व्यवसायिबाट सयकडा दश प्रतिशतका दरले ब्याज सहित असुलउपर गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२०,००० |

५६ **रुईनिकोट बजार हुदै सोल्टा सम्म तटबन्धन योजना** - ठेक्का नं MRM/WORKS/NCB/02/2079/080 रहेको कर्णाली नदिमा रुईनिकोट बजार हुदै सोल्टा सम्म तटबन्धन योजना निर्माण कार्यको लागि जिमि कन्स्ट्रक्सन एण्ड कन्सल्ट प्रालिसँग कबोल रकममा २० प्रतिशत छुट (Discount) पछी रु. २०,००,८८६ मा सम्झौता भएको देखिन्छ।

५६.१ **बढी भुक्तानी** - पालिकाले निर्माण कार्यको रु. १५,१५,७५० भुक्तानी दिँदा सम्बन्धित निर्माण व्यवसायिले पेश गरेको Letter of Bid मा उल्लेखित २०% छुटको हुन आउने रकम रु. ३,०३,१५० कट्टा गरि बाँकी रकम भुक्तानी गर्नुपर्नेमा पुरै रकम भुक्तानी भएकाले सम्बन्धित निर्माण व्यवसायिलाई बढि भुक्तानी भएको रकम असुलउपर गरि संचितकोषमा दाखिला गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०३,१५० |

५६.२ **निर्माण कार्य अधुरै रहेको**- सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निर्माण व्यवसायीले सम्झौता पत्रमा उल्लेखित मिति भित्र कार्यसम्पन्न गर्नुपर्ने हुन्छ। सम्झौता मिति भित्र ऐनको दफा ५६ र नियमावलीको नियम १२० मा उल्लेखित अवस्था सृजना भएमा प्रकृया पुरा गरि म्याद थप गर्न सकिने व्यबस्था छ।तर म्याद थप नभएमा र सम्झौता मिति भित्र कार्य सम्पन्न नभएको अवस्थामा नियम १२१ बमोजमि पुर्व निर्धारित क्षतिपूर्ति लगाउनु पर्ने हुन्छ। पालिकाले उल्लेखित ठेक्काका सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायीबाट नियमबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ती लगाई कार्यसम्पन्न गराउने अन्यथा ठेक्का तोड्ने सम्बन्धमा आवश्यक कारबाहि गर्नुपर्दछ।

५७ **सोल्टा-राक्सा-खिमडी-विर्खेत सडक योजना** - ठेक्का नं MRM/NCB/WORKS/03/2079/080 रहेको सोल्टा-राक्सा-खिमडी-विर्खेत सडक निर्माण कार्यकालागि श्रीधर वसन्त निर्माण सेवासँग मिति २०८०।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८०।१।१५ मा रु. ५४,३२,२४४ को सम्झौता देखिन्छ। यस ठेक्काका सम्बन्धमा देखिएका कैफियतहरुः

५७.१ **एज विल्ट नक्सा** - सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट)

नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। साथै सम्झौतामा निर्माण व्यवसायीले (एज विल्ट) नक्सा पेश नगरेमा रु.५०,००० रोक्का गरी सो पेश भएपछी मात्र भुक्तानी दिने उल्लेख छ ।कार्यालयले यस निर्माण कार्य सम्पन्न भएको उल्लेख गरी सम्बन्धित निर्माण व्यवसायी भुक्तानी गरेकोमा निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा पेश गरेको पाईएन। साथै सम्झौता अनुसार (एज विल्ट) नक्सा पेश नगरेमा रोक्का राख्नु पर्ने रु. ५०,००० रोक्का नराखी भुक्तानी दिएको हुँदा निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा पेश गर्ने अन्यथा असुल गर्नेपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

५७.२ **भेरियसन स्वीकृत नगरिएको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा भेरियसन स्वीकृत सम्बन्धी व्यवस्था गरिएको छ। पालिकाले यस ठेक्काको Roadway excavation in all type of soil कार्यका लागि भेरियसन गरिएको भनि रु. १०४६४९३ थप गरि कार्य गराईएको देखिन्छ। पालिकाले दिएको विवरण अनुसार भेरियसन स्वीकृत भएको पाईएन। अतः कानून बमोजिम स्वीकृत नगरी भेरियसनको रकम भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,४६,४९३ |

५७.३ **फरक चेनेजमा कार्य भएको -** पालिकाले यस निर्माण कार्यको लागि डिपिआर बमोजिम चेनेज १७+८२० देखि २०+००० सम्म सोल्टा-राक्सा-खिमडी-विर्खेत सडकखण्ड रहेको अवस्थामा पालिकाले यस सडकखण्डको मापन चेनेज ०+००० गरेको पाईयो। पालिकाले डिपिआर बमोजिम चेनेजमा फरक नपर्ने गरी मापन गर्नुपर्दछ।

५८ **प्रिफ्याव्रिकेटेड अफिस भवन निर्माण -** ठेक्का नं MRM/NCB/WORKS/01/2078/79 रहेको प्रिफ्याव्रिकेटेड अफिस भवन निर्माण कार्यकालागि जय मालिका निर्माण सेवासँग मिति २०७९।३।३० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८।११।२५ मा रु. ५८,५५,६०९ को सम्झौता भएकोमा पटक पटक म्याद थप गरी कार्य सम्पन्न मिति २०७९।१२।१५ सम्म पुर्याईएको देखिन्छ। यस ठेक्काका सम्बन्धमा देखिएका ब्यहोराहरुः

५८.१ **कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावलीको निमय ११७(२क) निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगती भएमा कार्य स्वीकार गर्न सकिने व्यवस्था छ। पालिकाले योजना सम्पन्न भएको उल्लेख गरेपनी कार्य स्वीकार तयार नगरेको तथा महत्वपुर्ण कार्यहरु बाँकी रहेको र ७८ प्रतिशत मात्र कार्य सम्पन्न भएको अवस्थामा सम्बन्धित निर्माण व्यवसायीलाई अन्तिम विल रकम रु. ४५,४४,७९९ भुक्तानी गरेको छ। यस निर्माण कार्यको सम्झौता बमोजिमका कार्यहरु नभएको अवस्थामा सम्झौता र भुक्तानी रकमको आधारमा ७८ प्रतिशत कार्य मात्र सम्पन्न अवस्थामा कार्यसम्पन्न गर्नु मनासिब देखिदैन। पालिकाले भनाई बमोजिम भवन पूर्ण रुपमा निर्माण सम्पन्न भई प्रयोगमा रहेको भनिएपनि सम्बन्धी निर्माण कार्यको अनुगमन गरी सम्झौता बमोजिम कार्य सम्पन्न भए नभएको यकिन गरी नभएको पाईएमा बाँकी कार्य सम्बन्धित निर्माण व्यवसायिबाट कार्य सम्पन्न गराउनु पर्दछ।

५८.२ **एज विल्ट नक्सा** - सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। साथै सम्झौतामा निर्माण व्यवसायीले (एज विल्ट) नक्सा पेश नगरेमा रु.१,००,००० रोक्का गरी सो पेश भएपछी मात्र भुक्तानी दिने उल्लेख छ।कार्यालयले भवन निर्माण कार्य सम्पन्न भएको उल्लेख गरी निर्माण व्यवसायीलाई भुक्तानी गरेकोमा निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा पेश गरेको पाईएन । सम्झौता अनुसार (एज विल्ट) नक्सा पेश नगरेमा रोक्का राख्नु पर्ने रकम रोक्का नराखी भुक्तानी दिएको हुँदा निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा पेश गर्ने अन्यथा असुल गर्नेपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

५९ **भेरियसन आदेश** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति, सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई तोकिएको कार्यविध अपनाई भेरिएशन आदेश दिन सक्ने उल्लेख छ ।कार्यालयले ठेक्का नं MRM/WORKS/NCB/01/2077/78 को दश शैया अस्पताल भवन निर्माण कार्यको श्री सि.एम शाही/प्रशंसा जे.भि लाई भुक्तानी दिँदा नापि किताबमा देखाईएको तपसिलबमोजिमको परिमाण उक्त कार्य सँग सम्बन्धित सम्झौतामा उल्लेखित परिमाणसँग मेल खाएको देखिदैन ।प्राविधिक पुष्ट्याई र कारण विना सम्झौता भन्दा बढि कार्य भेरिएशन नगरि गरिएकाले उक्त कार्य वापतको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| क्र.स | कार्य | सम्झौताको परिमाण | भुक्तानी भएको परिमाण | दर प्रति घ.मि. | बढि परिमाण | बढि परिमाणको भुक्तानी रकम रु.(मु अ.कर सहित) |
|---|---|---|---|---|---|---|
| १ | Colum form works, Shuttering and centering | ९८१.९० | १३१४.५५ | ४०० | ३३२.६५ | १५०३५७ |
| | Sopplying and soling stone in proper line and level | ३.९४ | ५३.७४ | १२०० | ४९.८ | ६७५२८ |
| जम्मा | | | | | | २,१७,८८५ |

| | |
|---|---|
| अनियमित भएको | २,१७,८८५ |

६० **वडागत खर्च** - पालिकाको बजेटमा प्रत्येक वडालाई नियमित खर्च प्रयोजनका लागि विनियोजित रकम र वडाहरुले गरेको खर्च देहायबमोजिम देखिन्छः

| वडा | खर्च |
|---|---|
| १ | १०,००,४०१ |

| | |
|---|---|
| २ | १०,४५,१९८ |
| ३ | ११,११,१६० |
| ४ | ११,८३,१३८ |
| ५ | १४,४४,६८४ |
| ६ | १२,५७,२०० |
| ७ | १०,४७,००० |

वडाहरुले खर्च गरि विल भरपाई पेश गरेको आधारमा वडा सचिवको नाममा पालिकाबाट भुक्तानी भएको, पालिकाले गर्ने प्रकृतिका कार्य वडा पनि गर्ने गरेकोले काममा दोहोरोपना पर्ने जोखिम देखिएको तथा आफ्नो अधिकार क्षेत्रभन्दा वाहिरका कार्यहरुमा पनि खर्च गरिएको छ। कतिपय खरिद गरेका सामाग्रीहरु उद्देश्य नखुलेको, सवारीसाधन मर्मत अभिलेख राख्ने नगरिएको, इन्धन खर्चको लगबुक नराखिएको देखिन्छ। त्यस्तै कतिपय सामाग्री खरिदको कागजात पेश हुन नसकेको तथा खर्चको प्रयोजन खुल्न नसकेको पाइयो। अतः वडाहरुले गरेको खर्चको भुक्तानी गर्दा वडा सचिवको नाममा भुक्तानी नगरी सम्बन्धित पार्टीलाई भुक्तानी गर्नु पर्ने, मर्मत तथा इन्धन खर्चको अभिलेख राख्नु पर्ने, कार्यालय सञ्चालनका लागि आवश्यक रकम मात्र वडाहरुले खर्च गर्नुपर्दछ।

६१ **जिन्सी निरीक्षण तथा सम्पत्ती संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण गर्नुपर्ने व्यबस्था रहेबमोजिम जिन्सी निरीक्षण गरि प्रतिबेदन पेस गरेको छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ को उपनियम ४ अनुसार मर्मत संभार गर्नुपर्ने मालसमानहरु ३ महिनाभित्र गरी सक्नुपर्ने व्यवस्था छ । यस पालिकाको आ.व २०७९।८० को जिन्सी निरीक्षण प्रतिबेदनले १ कार, १७ ल्यापटप, ११ प्रिन्टर, २ ईन्भटर लगायतका मालसमान मर्मत गर्नुपर्ने भनि उल्लेख गरेको छ । उप्त नियमावलीको निमय ९९ अनुसार मर्मत संभार गरी जिन्सी सम्बन्धि व्यवस्थालाई चुस्त र दुरुस्त बनाउनुपर्नेमा सो गरेको देखिएन । जिन्सी निरीक्षण प्रतिबेदनले उल्लेख गरेअनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरु लिलाम तथा मर्मतको कारबाही अगाडी बढाउनुपर्ने देखिन्छ । साथै महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई अनिवार्यरुपमा PAMS मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । तर पालिकामा ६ वटै वडा कार्यालयले छुट्टाछुट्टै Manual जिन्सी दाखिला गर्ने गरेको पाईयो । पालिका भित्रको सम्पत्तीको लेखाङ्कन एकीकृतरुपमा PAMS मा गर्नुपर्ने हुँदा यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६२ **नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यविधी २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष २३

जना लाभग्राहीलाई सुरक्षीत नागरिक आवास अनुदान रकम वापत उल्लेख गरी जम्मा रु.१७,५०० का दरले ४,०२,५०० र १ जना लाभग्राहीलाई रु.३०,००० गरी जम्मा रु.४,३२,५०० उपलव्ध गराएकोमा प्राविधिक प्रतिवेदन विना अनुदान उपलब्ध गराएको छ । अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्यांकन गरी आवास निर्माण कार्य सम्पन्न भएको खुल्ने प्राविधिक प्रतिवेदन पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३२,५०० |

६३ **बैठक भत्ता -** सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे अनुसार बैठक भत्ता रु.१,००० दरले भुक्तानी गर्नुपर्नेमा ऐनले तोकेभन्दा बढी हुने गरी तपसिलबमोजिम बैठक भत्ता भुक्तानी भएको हुँदा बढी भएको भुक्तानी रकम सम्वन्धित पदाधिकारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.स | नामथर | पद | कर कट्टी पछी हुने बैठक भत्ता दर | कर कट्टी पछी भएको बैठक भत्ता दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | जय प्रकाश मल्ल | २ नं वडा अध्यक्ष | ८५० | २१२५ | १२७५ |
| २ | बम बहादुर बुढा | ४ नं वडा अध्यक्ष | ८५० | २१२५ | १२७५ |
| ३ | प्रविण घर्ती | ५ नं वडा अध्यक्ष | ८५० | २१२५ | १२७५ |
| जम्मा | | | | | ३८२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८२५ |

६४ **साझेदारी कार्यक्रम -** आ.व २०७९/८० मा कार्यान्वयन हुने तपसिलबमोजिमका योजनाहरुका लागि पालिका र युएसएआइडी कर्णाली जल परियोजनाको साझेदारी हुने गरी योजनाको लागतका आधारमा निश्चित प्रतिशत सहित उल्लेख भएको पाईयो । पालिकाले उक्त योजनाहरु कार्यसम्पन्न गर्न लागेको लागतलाई आधारमानी सोही अनुसारको साझेदारी वापतको रकम भुक्तानी गर्नुपर्नेमा पालिकाले कार्यसम्पन्न भएको प्रमाण संलग्न नराखी सम्झौता अनुसारको रकम सोझै भुक्तानी गरेको हुँदा कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने रु.

| क्र.स | गो.भौ.न.र मिति | कार्य विवरण | सम्झौता अनुसार पालिकाले व्यहोर्ने प्रतिशत | पालिकाले भुक्तानी दिएको रकम |
|---|---|---|---|---|
| १ | २५२,२०८०/३/२० | नौलाकोट खानेपानी तथा सरसफाई योजना | १.२० | ७६९९१ |

| | | | | |
|---|---|---|---|---|
| २ | २५३,२०८०/३/२० | सिमलरुख खानेपानी तथा सरसफाई योजना | १४.४४ | ५९४७२९ |
| ३ | २५९,२०८०/३/२० | कौसाडी खानेपानी तथा सरसफाई योजना | ४.८१ | १३८०२६ |
| ४ | २६३,२०८०/३/२० | शान्तिपुर खानेपानी तथा सरसफाई योजना | १२.४७ | ४७३८२५ |
| ५ | २६४,२०८०/३/२० | कैनपानी खानेपानी तथा सरसफाई योजना | १४.५६ | ७१४७४६ |
| ६ | २८१,२०८०/३/२१ | धमकोट खानेपानी तथा सरसफाई योजना | २०.४१ | ५५५४६३ |
| ७ | २८२,२०८०/३/२२ | सागुरे बजैन खानेपानी तथा सरसफाई योजना | ६.६१ | २४४२८० |
| जम्मा | | | | २७,९८,०६० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,९८,०६० |

६५ **प्रमाण पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ। पालिकाले तपसिलबमोजिमका कार्यक्रम संचालन भएको उल्लेख गरी रु.१५,००,००० खर्च गरेकोमा सो खर्चलाई पुष्टी गर्ने प्रमाण तथा कागजात पेश गरेको पाईएन ।खर्च पुष्टी हुने प्रमाण तथा कागजात पेश गर्ने अन्यथा सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.स | गो.भौ.न.र मिति | भुक्तानी लिनेको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | ४६,२०८०/३/२६ | दिपेन्द्र बुढा क्षेत्री | स्वास्थ्य शिविर संचालन कार्यक्रम | ९००००० |
| २ | ४७,२०८०/३/३१ | डिल्ली प्रसाद देवकोटा | उपाध्यक्ष सुत्केरी महिला पोषण कार्यक्रम | ६००००० |
| जम्मा | | | | १५,००,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००,००० |

६६ **पढदै कमाउँदै कार्यक्रम —** पढ्दै कमाउँदै कार्यक्रम संचालन कार्यविधि,२०७८ को बुँदा नं १० मा अनुदान खर्च गरिने क्रियाकलापहरुमा उत्पादामुलक प्रकृतिको संरचना तयार गर्न, उत्पादनका लागि आवश्यक औजार, उपकरण तथा अन्य सामान खरिद गर्न र विद्यार्थिको सक्रियतामा विद्यालयको जग्गामा वा विद्यार्थिको आफ्नै जमिनमा वस्तु उत्पादन गरी विक्री वितरण गर्नको लागि अनुदान रकम खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले श्री राष्ट्रिय माध्यमिक विद्यालयको खातामा सोझै रु.१० लाख निकासा गरेको छ ।विद्यालयले वितरण गरेको रकमबाट विद्यार्थिहरुले व्यवसाय संचालन गरे नगरेको, उत्पादनका लागि आवश्यक औजार, उपकरण तथा अन्य सामान खरिद गरे नगरेको र विद्यार्थिले आफ्नै जमिनमा वस्तु उत्पादन गरी विक्री वितरण गरे नगरेको सम्वन्धमा एकिन हुने कागजात तथा प्रमाण पेश नगेको हुँदा अनुदानको सही सदुपयोग भएको छ भन्ने अवस्था रहेन । अनुदानको सही सदुपयोग भएको देखिने प्रमाण तथा कागजात पेश गर्ने अन्यथा सम्वन्धितबाट असुल गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

६७ **विद्यालयमा ICT ल्याब स्थापना** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एबं कार्य सम्पादनमा आधारित प्रोत्सान अनुदान कृयाकलाप अन्तर्गत पालिकाले देहायका विद्यालयहरुलाई ICT ल्याब स्थापनार्थ अनुदान दिएको देखिन्छः

| गोश्वारा भौचर नं | विद्यालय | रकम |
|---|---|---|
| ४१/२०८०।३।५ | राष्ट्रिय आधारभुत विद्यालय | ६,४९,५४९ |
| ४२/२०८०।३।७ | मोहन्याल राष्ट्रीय आधारभुत विद्यालय कटौजे | ६,५०,००० |
| जम्मा | | १२,९९,५४९ |

विद्यालयहरुले अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग पश्चात कार्य सम्पन्न प्रतिवेदन तथा प्रमाणित फोटोहरु पालिकामा पेश गरेको पाईएन। पालिकाले कार्य भए नभएको सम्बन्धमा यकिन गरि अनुगमन प्रतिवेदन तयार गरेको पाईएन। विद्यायहरुसँग भएको सम्झौतामा विद्यालयले पेश गरेका विल भरपाईहरुमा प्रधानअध्यापकबाट प्रमाणित नगरिएको, विद्यालयहरुले खरिद गरिएका सामाग्री जिन्सी दाखिला नगरेको देखिन्छ। अतः पालिकाले विद्यालयमा ICT ल्याब स्थापना भएको कार्य सम्पन्न प्रतिवेदन, प्रमाणित फोटोहरु, अनुगमन प्रतिवेदन, प्रधानअध्यापकबाट प्रमाणित भएका विल भरपाईहरु तथा विद्यालयले सामाग्रीको जिन्सी दाखिला गरेको कागजातहरु प्रमाणको रुपमा पेश गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,९९,५४९ |

६८ **मिडिया खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ ले खर्चको उपादेयता स्थापित नगरी खर्च नगर्ने, सञ्चार खर्चमा अत्यन्त मितव्ययिता अपनाउने उल्लेख गरिएको छ। पालिकाले यस बर्ष अनलाईन विज्ञापन, सूचना प्रसारण, सचेतनामूलक कार्यक्रम प्रसारण लगायतका खर्च लेखि पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च

शिर्षकबाट रु. ९,४२,४०० रकम विभिन्न सञ्चार माध्याम तथा एजेन्सिहरुलाई भुक्तानि गरेको देखिन्छ। साथै वडाहरुबाट, सम्बन्धित कार्यक्रम, योजना अन्तर्गत पनि विज्ञापन लगतायतका सञ्चार खर्च गरिएको छ। पालिकाले मिडिया तथा एजेन्सिहरुसँग सम्झौता नै नगरी भुक्तानी गरेको, सम्झौता गर्न आवश्यक पर्ने संस्था दर्ता, नवीकरण, करचुक्ता प्रमाणपत्र जस्ता कागजात संलग्न नरहेको, खर्च बमोजिम काम भएको पुष्टि हुने प्रसारण भएका भिडियो/अडियो क्लिप, छापिएका विज्ञापनका प्रतिहरु समेत पेश भएको पाईएन। पालिकाले कानुनले तोकेका प्रकृया पुरा गरी खर्च पुष्टीहुने कागजात संलग्न भए पश्चात मात्र भुक्तानी गर्नु पर्दछ। साथै, यस किसिमका सञ्चार खर्चमा उच्चतम् मितव्ययिता अपनाई आवश्यकता र औचित्यता पुष्टि भएमा मात्र खर्च गर्नु पर्दछ।

---

६९ **पेश्की फर्छ्यौट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को निमय ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले बर्थिङ्ग सेन्टर व्यवस्थापन कार्यक्रम अन्तर्गत तिर्थ बहादुर बोहराको रु. ९८,७५१ पेश्की फर्छ्यौट गर्दा रु. ६,४३२ रकमको विलभरपाई पेश नभएको देखिएकाले पालिकाले सो रकम बराबरको विल भरपाई पेश गर्ने अन्यथा असुलउपर गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४३२ |

---

७० **ब्रोड ब्यान्ड सिपिई आपुर्ति तथा जडान** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययित तरिकाले गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। साङ्ग्रीला इन्फर्मेटिक्स प्रा. लि. ले पालिका भित्रका ४५ वटा विद्यालयहरुमा ब्रोड ब्यान्ड सिपिई जडान गरेको विल पेश गरेको आधारमा पालिकाले प्रत्येक विद्यालयलाई रु. ७३,९०० का दरले जम्मा रु. ३३,२५,४५८ भुक्तानी गरेको छ। पालिकाले रकम सुनिश्चितता भएपश्चात पालिका भित्रका विद्यालयहरुमा ब्रोड ब्यान्ड सिपिई आपुर्ति तथा जडानको आवश्यकता यकिन तथा लागत अनुमान तयार गरि सार्वजिनिक खरिद कानुन बमोजिम बोलपत्र खरिद प्रकृया मार्फत खरिद गर्नुपर्ने देखिन्छ। पालिकाले सार्वजनिक खरिद कानुन बमोजिम प्रतिस्प्रर्धात्मक विधि नअपनाई साङ्ग्रीला इन्फर्मेटिक्स प्रा. लि. ले विद्यालयहरुलाई दिएको विलको आधारमा सम्बन्धित विद्यालयको खातामा रकम निकासा गरेको देखिन्छ। साथै पालिकाले विद्यायहरुमा ब्रोड ब्यान्ड सिपिई जडान भएको, सञ्चालनमा रहको सम्बन्धमा अनुगमन समेत गरेको छैन्।

पालिकाले सार्वजिनक खरिद कानून बमोजिम विद्यायहरुमा ब्रोड ब्यान्ड सिपिई आपुर्ति तथा जडानको लागि साङ्ग्रीला इन्फर्मेटिक्स प्रा. लि. छनौटको पुष्टि खुल्ले कागजात र जडान भएका उपकरणहरुको अवस्थाको अनुगमन सहितको प्रतिवेदन पेश सहित नियमसम्मत गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ३३,२५,४५८ |

७१ **नियन्त्रण बिन्दु स्थापना र विस्तार -** नापी विभाग मिनभवन, काठमाण्डौंको मिति २०८०।२।२१ परिपत्र अनुसार स्थानीय निकाय लगायतका निकायबाट आफूखुसी स्थापना र विस्तार भइरहेका भनिएका नियन्त्रण विन्दुहरुको सन्दर्भमा सम्बन्धित निकायहरुलाई यस्ता कार्य नगर्न नगराउन र नापी विभागको स्वीकृती बेगर स्थापना भएका नियन्त्रण विन्दुहरु प्रयोग गरी नापनक्सा सम्बन्धी आधिकारिक कार्य नगर्न नगराउनु हुन उल्लेख गरी सबै नापी कार्यालयहरुलाई परिपत्र गरेको देखिन्छ। यस पालिकाले यस आर्थिक बर्षमा नियन्त्रण विन्दुहरुको स्थापनाको लागि परामर्श खरिद, २५० वटा नियन्त्रण विन्दुहरुको स्थापना, कर्मचारी तलब लगायतका कार्यहरु गर्न पालिकाले दिएको विवरण अनुसार रु. ६०,४२,४२१ खर्च गरेको छ। नापि विभागले नियन्त्रण विन्दुहरुको स्थापना र सो बमोजिम नापनक्सा नगर्नु भनि स्पष्ट परिपत्र गरेको अवस्थामा पालिकाले नियन्त्रण विन्दुहरु स्थापना र विस्तार गर्न गरेको कार्यले मान्यता नपाउने जोखिम देखिन्छ। अतः पालिकाले सम्बन्धित नापी कार्यालयसँग आवश्यक समन्वय गरी सो बमोजिम नियन्त्रण विन्दुहरुको स्थापना तथा जग्गा नापनक्सा कार्य गर्नु पर्दछ।

७२ **आय ठेक्का -**

७२.१ पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस आ.व मा आय प्राप्त हुने गरी निम्न अनुसारका आय ठेक्का लगाइ सम्झौता भएको जनाएको छ ।

| क्र. स | ठेक्का नं | निर्माण व्यवसायी | नदि/खोलाको नाम | सङ्कलन तथा बिक्रीको लागि कुल घनमिटर | पालिकाले कायम गरेको न्यूनतम ठेक्का रकम | कानुन बमोजिम कायम गर्नुपर्ने ठेक्का रकम | निर्माण व्यवसायीले कबुल गरेको रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | MRM/NCB/G/5/2/079/80 | मंगलशैनी विल्ड्रस एण्ड सप्लायर्स | गोराङ्गे १ नं खोला | २७९०० | २६००५५९ | २९५३४९४ | ५१५११५१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | MRM/NCB/G/7/2/079/80 | वि एण्ड वि विल्डर्स | भैसिमारहाल्ने खोला | २२५०० | २०९७२२५ | २३८१८५० | ३१५१०० ० |
| ३ | MRM/NCB/G/10/2/079/80 | मंगलशैनी विल्ड्रस एण्ड सप्लायर्स | ढाडे खोला | ४२८४० | ३९९३११६ | ४५३५०४२ | ३९९४०० ० |

कम दरमा राजस्व सङ्कलन- सुदुरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८ मा आफ्नो क्षेत्र भित्र ढुङ्गा गिटी वालुवा र दहत्तर वहत्तर संकलनमा अनुसूची ६ बमोजिम प्रतिघनफिट रु. ३ अर्थात प्रति घनमिटर रु १०५.८६ (भ्याट वाहेक) का दरले शुल्कलगाई असुल उपर गर्ने र स्थानीय तहले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरीविक्री मूल्य तोक्न सक्ने व्यवस्था छ । पालिकालेढाडे खोला क्षेत्रमा ४२८४० घनमिटर सङ्कलन तथा बिक्रीको लागिमंगलशैनी विल्ड्रस एण्ड सप्लायर्सलाई अनुमति दिदाँ प्रति घनमिटर रु. ९३.२१ कादरले बिक्री मूल्य तोकी ठेक्का आह्वान गरेकोमा प्रति घनमिटर रु. ९३.२३ मा सम्झौता भएको पाईयो । सुदुरपश्चिम प्रदेशको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेक अनुसार न्युनतम प्रतिघनमिटर रु.१०५.८६निर्धारण गरेकोले प्रति घन मिटर रु. १२.६३ का दरले कम राजस्व सङ्कलन गरेकोपाईयो । ऐन भन्दा कम बिक्री मूल्य निर्धारण गरेको रकम सम्बन्धितबाट असुल गरी स्थानीय संचित कोषमा दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४१,०६९ |

७२.२ क्र.स १ मा उल्लेखित गोराङ्गे १ नं खोलामा कुल २७९०० घनमिटर संकलन तथा बिक्रीका लागि पालिकाले रु. २६००५५९ न्यूनतम ठेक्का रकम कायम गरी ठेक्का आह्वान गरेकोमा निर्माण व्यवसायी श्री मंगलशैनी विल्ड्रस एण्ड सप्लायर्ससँग रु. ५१५१,१५१ मा सम्झौता गरी राजश्व संकलन गरेको पाईयो ।सुदुरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८ अनुसूची ६ बमोजिम प्रतिघनफिट रु. ३ अर्थात प्रति घनमिटर रु १०५.८६ (भ्याट वाहेक) का दरले रु. २९५३,४९४ न्युनतम ठेक्का रकम कायम गर्नुपर्नेमा रु.३५२९३५ कम हुने गरी न्युनतम ठेक्का रकम कायम गरेको पाईयो ।न्युनतम अंक भन्दा कम रकम उल्लेख गरी ठेक्का आव्हान गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

७२.३ मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ । तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ । यस्ता निकाय मु.अ. कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले असुल गरेको मु.अ कर बेदर्तावालाबाट संकलन गरी राजश्व शीर्षक नं ३३३१७ मा दाखिला गर्नु पर्ने थप कानुनी व्यबस्था रहेकोले पालिकाले पालिकाले ढाडे खोला क्षेत्रमा ४२८४० घन मिटर सङ्कलन तथा बिक्रीको लागि मंगलशैनी विल्ड्रस एण्ड सप्लायर्ससँग सम्झौता गरी राजश्व संकलन गरेकोमा

नियममानुसार रु.५,८९,५५५ मु.अ.कर असुल गर्नुपर्नेमा तोकिएको दर भन्दा कम दरमा राजश्व संकलन गर्दा रु.५,१९,२१६ मात्र मु.अ.कर असुल गरेको हुँदा छुट भएको मु.अ.कर रु.७०,३३९ पालिका स्वयंले मु अ कर अशुल गरी राजश्व शीर्षक नं ३३३१७ मा दाखिला गरेको सक्कल प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,३३९ |

७२.४ नदीजन्य पदार्थ संकलनका गोराङ्गे १ नं खोलामा २७९०० घन मिटर भैसिमारहाल्ने खोलामा २२५०० घन मिटर र ढाडे खोलामा ४२८४० घन मिटर गरी जम्मा ९३२४० घन मिटर संकलन गर्न पाउने गरी सम्झौता गरे पनि उक्त परीमाण अनुसार उठाए नउठाएको पालिकाबाट कुनै अनुगमन मुल्याँङ्कन गरेको छैन ।यस्तो अबस्थामा तोकिएको परिमाणमात्र संकलन गरी पालिकालाई प्राप्त हुनुपर्ने आय यथार्थरुपमा प्राप्त भएको भन्ने अबस्था छैन ।ठेक्का सम्झौता अनुसार तोकिएको परिमाणमात्र संकलन गर्ने गराउने कार्यको निरन्तर अनुगमन मुल्याँङ्कन गरी तोकिएको परिमाणभन्दा बढी संकलन नगरेको सम्बन्धमा सुनिश्चित हुने व्यबस्था हुनुपर्दछ ।

७२.५ मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ । तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ । यस्ता निकाय मु.अ. कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले असुल गरेको मु.अ कर बेदर्तावालाबाट संकलन गरी राजश्व शीर्षक नं ३३३१७ मा दाखिला गर्नु पर्ने थप कानुनी व्यबस्था रहेकोले भैसिमारहाल्ने खोलामा नदिजन्य सामाग्री बिक्रीका लागि वि एण्ड वि विल्ड्रर्स सँग सम्झौता गरी राजश्व संकलन गरेकोमा नियममानुसार मु.अ.कर असुल नगरेको हुँदा पालिका स्वयंले मु अ कर अशुल गरी राजश्व शीर्षक नं ३३३१७ मा दाखिला गरेको सक्कल प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०९,६३० |

७२.६ क्र.स २ मा उल्लेखित भैसिमारहाल्ने खोलामा कुल २२५०० घनमिटर संकलन तथा बिक्रीका लागि पालिकाले रु. २०९७२२५ न्यूनतम ठेक्का रकम कायम गरी ठेक्का आह्वान गरेकोमा निर्माण व्यवसायी श्री वि एण्ड वि विल्ड्रर्ससँग रु. ३१५१०००मा सम्झौता गरी राजश्व संकलन गरेको पाईयो ।सुदुरपश्चिम प्रदेशको आर्थिक ऐन, २०७९ को दफा ८ अनुसूची ६ बमोजिम प्रतिघनफिट रु. ३ अर्थात प्रति घनमिटर रु १०५.८६ (भ्याट वाहेक) का दरले रु. २३,८१,८५० न्युनतम ठेक्का रकम कायम गर्नुपर्नेमा रु.२,८४,६२५ कम हुने गरी न्युनतम ठेक्का रकम कायम गरेको पाईयो ।न्युनतम अंक भन्दा कम रकम उल्लेख गरी ठेक्का आव्हान गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

७३ **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई

कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगायको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले जारी गरेको बील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले अनियमित भएको रु.

| **क्र.सं.** | **गो भौ नं र मिति** | **उपभोक्ता समितिको नाम** | **उपभोक्ता समितिलाई भुक्तानी रु.** | **संलग्न निर्माण व्यवसायीको नाम** | **निर्माण व्यवसायीको बील पेश भएको रकम रु.** |
|---|---|---|---|---|---|
| १ | २९/२०७९/१०/११ | साफखर्क आमबास गर्जिने सडक सफाई तथा निर्माण उ.स | ४३७३७६ | घोडाघोडी निर्माण सेवा | ५६१६१० |
| | ४१,२०७९/११/५ | ५ नं वडाका सडक सरसफाई योजना | २२३५४४५ | नारायण भगिरथी निर्माण सेवा | २८१८९७१ |
| | ४५,२०७९/११/११ | वडा भित्रका सडक मर्मत सुधार उ.स | २८८००० | अमर एण्ड तेज कन्स्ट्रक्सन प्रा.लि | १४९४४२ |
| | ४६,२०७९/११/११ | बुढी आम सडक निर्माण उ.स | ३८४००० | भगरथी कन्स्ट्रक्सन प्रा.लि | १७५२६३ |
| २ | ९७,२०७९/१२/३० | वडा स्तरिय शाखा सडक सफाई उ.स | १२६१५०० | फाईन होम कंस्ट्रक्सन प्रा.ली | १८१३८८९ |
| ३ | १०२,२०८०/१/१० | ६ नं वडाका सडक स्तर उन्नती तथा | ११५२००० | थापा निर्माण सेवा | १८६८७३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ग्राभेल योजना उ.स | | | |
| | ११८,२०८०/१/२६ | वडा स्तरिय मोटरबाटो सफाई तथा स्तररोन्नती योजना उ.स | ११०४००० | फाईन होम कंस्ट्रक्सन प्रा.ली | १३९०१८२ |
| | १२४,२०८०/१/२८ | बालुवागडा कटौज सडक खण्ड मोड सुधार योजना उ.स | १८५७३४७ | आर .आर .एस कन्स्ट्रक्सन | २३४१६८९ |
| | १४०,२०८०/२/८ | कालापानी खिमडी सडक खण्ड मोड सुधार उ.स | १९२०००० | ज्ञानेन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | २४३१४८६ |
| | १५६,२०८०/२/१६ | कुइने डिप वोरिङ्ग निर्माण उ.स | ८१९७०७ | Masta Drilling and Construction PVT | १०२८३०० |
| | १५७,२०८०/२/१६ | वरिगाउँ डिप वोरिङ्ग निर्माण उ.स | ८१९७०७ | Masta Drilling and Construction PVT | १०२८३०० |
| | १५८,२०८०/२/१६ | सानो कचाली सिँचाई उ.स | ९५४२४३ | Masta Drilling and Construction PVT | १२२३७९० |
| | १७९,२०८०/२/३० | पट्रेली सिँचाई योजना उ.स | ४८०००० | लामिगडा निर्माण सेवा | ६१६६२२ |
| | १९३,२०८०/२/३१ | बसन्तगडा रिङ्गरोड ग्राभेल तथा मर्मत योजना उ.स | ४८०००० | अमर एण्ड तेज कन्स्ट्रक्सन प्रा.लि | २००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०१,२०८०/३/1 | भानाकोट टोल ग्राभेल निर्माण उ.स | ७६८००० | सुविधा सम्पन्न निर्माण सेवा प्रा.लि | ७६८००० |
| | २०६,२०८०/३/३ | तल्लो पाल्सा सडक निर्माण उ.स | ३५७०९३ | पुष्पलक्ष्मी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ३६७५०० |
| | २०८,२०८०/३/३ | पानिगाउँ दाईजेगडा सडक निर्माण उ.स | २८८००० | फाईन होम कंस्ट्रक्सन प्रा.लि | ३६०८२० |
| | २२१,२०८०/३/१७ | बडिकाथाई रिङ्गरोड उ.स | ३३५०६५ | अमर एण्ड तेज कन्स्ट्रक्सन प्रा.लि | १७०००८ |
| | २३३,२०८०/३/१८ | फले बिसौना तल्लो गाउँ डिप बोरिङ्ग निर्माण उ.स | १५८४००० | Masta Drilling and Construction PVT | १५८४००० |
| | २३५,२०८०/३/१८ | सुगरखाल गेदान पिपलिखेत सडक निर्माण उ.स | २८८००० | फाईन होम कंस्ट्रक्सन प्रा.लि | ३३९५८५ |
| | २४३,२०८०/३/१९ | ठुलागडा सुगरखोला सडक निर्माण योजना उ.स | १७२८००० | फाईन होम कंस्ट्रक्सन प्रा.लि | २०८९८३६ |
| | २४४,२०८०/३/१९ | कालापानी खिमडी सडक खण्ड मोड सुधार | १९२०००० | नागवंशी कन्स्ट्रक्सन | २४०२८६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | २५६,२०८०/३/२० | खिमडी मोड्का खोला सडक निर्माण तथा ग्राभेल योजना उ.स | ३७३६४३ | फाईन होम कंस्ट्रक्सन प्रा.लि | ३७४०३० |
| | २६१,२०८०/३/२० | कठिउर रज्मा सडक निर्माण उ.स | ४०२७३४ | लामिगडा निर्माण सेवा | ५११९११ |
| | ३०८,२०८०/३/२४ | तालबन्द कटौज खिमडी सडक निर्माण उ.स | ४१२९०२ | फाईन होम कंस्ट्रक्सन प्रा.लि | ७६५०६३ |
| | संघीय पूँजिगत ५५,२०८०/३/२२ | खेलकुद पूर्वाधार निर्माण उ.स | ५४०४५९ | नागवंशी कन्स्ट्रक्सन | ५९३३९२ |
| जम्मा | | | २,३१,९१,२२१ | | २,६२,९३,४२४ |
| | | | | अनियमित भएको | २,३१,९१,२२१ |

७४ **जटिलसंरचना निर्माण** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४८,२०८०/३/२० | भृकुटी मा.वि खिमडी | दुई कोठे तथा चार कोठे भवन निर्माण | ४५००००० |
| ५२,२०८०/३/२१ | श्रीराष्ट्रिय मा.वि.मोहन्याल | दुई कोठे तथा चार कोठे भवन निर्माण | २२५०००० |

| | | | |
|---|---|---|---|
| ५६,२०८०/३/२२ | मोहन्याल मा.वि | दुई कोठे तथा चार कोठे भवन निर्माण | २२५0000 |
| ५७,२०८०/३/२२ | कर्णाली राष्ट्रिय आ.वि | दुई कोठे तथा चार कोठे भवन निर्माण | २२५0000 |
| जम्मा | | | १,१२,५०,००० |

७५ **प्रमाण पेश -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ। पालिकाले तपसिलबमोजिमका विद्यालयको दुई कोठे तथा चार कोठे भवन निर्माण कार्यको भुक्तानी दिँदा लमसममा ब्ल्याक बोर्ड राखी भुक्तानी दिएको पाईयो ।यसरी भुक्तानी दिँदा सो खर्च पुष्टी हुने बिल, भरपाई संलग्न राखेको पाईएन ।खर्च पुष्टी हुने बिल, भरपाई पेश गर्ने अन्यथा सम्वन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| क्र.स | गो.भौ.नं र मिति | विद्यालयको नाम | रकम |
|---|---|---|---|
| १ | ५२,२०८०/३/२१ | राष्ट्रिय मा.वि.मोहन्याल | ५००० |
| २ | ५६,२०८०/३/२२ | मोहन्याल मा.वि | ५००० |
| ३ | ५७,२०८०/३/२२ | कर्णाली राष्ट्रिय आ.वि | ५००० |
| जम्मा | | | १५,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००० |

७६ **उपभोक्ता समितिबाट भएका कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९७(६) मा उपभोक्ता समितिले आफुले गरेको खर्चको बिल, भरपाई प्रमाणित गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने र निमय ९७(११) मा पालिकाले उपभोक्ता समितिले गरेको काम पुष्टि गरि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्न, नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने लगायतका कानुनी व्यवस्था छन्। देहायका उपभोक्ता समितिबाट भएका कार्यहरुमा देखिएका कैफियतहरुः

७६.१ **ताल्चा स्वास्थ्य ईकाई केन्द्र भवन निर्माण -** ताल्चा स्वास्थ्य ईकाई केन्द्र भवन निर्माण योजना उपभोक्ता समितिले भवन निर्माण गर्दा झ्याल संख्या २ र प्रत्येक झ्यालमा एक सटर रहेको अवस्थामा नापि किताबमा झ्यालको सटर संख्या ३ उल्लेख गरी भुक्तानी गरेको देखिन्छ। यसरी एक सटरको बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८८३ |

७६.२ **शिव कल्याणकारी आवी दुई कोठे भवन निर्माण** - शिव कल्याणकारी आधारभुत विद्यालयले भवन निर्माण गर्दा फाउन्डेसनमा पिसिसि १:३:६ कार्यको नापिमा बास्तविक कार्य १.३ घनमिटर हुनुपर्नेमा २.६ घनमिटर कार्य भएको उल्लेख गरि प्रति घनमिटर रु. १७,१२८ का दरले भुक्तानि भएको देखिन्छ। यसरी वास्तविक कार्य भन्दा बढी कार्य उल्लेख गरी भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असुलउपर गरि संचित कोषमा दाखिला गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,२६६ |

७६.३ **गैरी खेत सिंचाई योजना निर्माण** - गैरी खेत सिंचाई योजना निर्माण उपभोक्ता समितिबाट सिंचाई कुलो निर्माण गर्दा PCC Works for stone massonary cannel को कार्यमा pcc(1:2:4) दर रु. ११,०१९ राखि दर विश्लेषण गर्नुपर्नेमा pcc(1:1.5:3) को दर रु. १४,८९८ राखि भुक्तानी गरेको देखिएकाले बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,४७३ |

७६.४ **रुइनकोट लिफ्ट सिंचाई** - पालिकाले गोश्वारा भौचर नं २८९/२०८०।३।२२ बाट रुइनकोट लिफ्ट सिंचाई योजना अन्तर्गत रु. ६४९६३९ र गोश्वारा भौचर नं. २९१/२०८०।३।२२ बाट रुइनकोट लिफ्ट सिंचाई टंकी मोटर खरिद योजना अन्तर्गत रु. ७,४३,५४० को देहायका सामाग्री खरिद गरेको भएपनि प्रयोगको अवस्था नखुलेको कारण पालिकाले नापि किताब सहित सम्बन्धित वडाबाट कार्य सम्पन्न भएको सिफारिस पत्र तथा पालिकाबाट गरिएको अनुगमन सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| क्रम | काम/सेवाको विवरण | संख्या |
|---|---|---|
| १ | Pump20 hp | १ |
| २ | Pump controller 20 hp | १ |
| ३ | 6 mm sq wire | २०० मिटर |
| ४ | GI fitting accessories | १ |
| ५ | Transportation | १ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,९३,१७९ |

७६.५ **ताल्चा राउन्ने मन्दिर जाने पदमार्ग निर्माण** - ताल्चा राउन्ने मन्दिर जाने पदमार्ग निर्माण योजना उपभोक्ता समितिबाट यस योजना निर्माण कार्य गर्दा लागत अनुमान बमोजिम ३०० मिटर बाटो खनाई गर्दा ०.४६ लम्बाई, १.५ मिटर चौडाई, ०.१० मिटरका उचाईका २६० वटा स्टेप निर्माण गरिने उल्लेख छ। पालिकाले पेश गरेको नापी किताबमा २०० मिटर बाटो मात्र खनिएको अवस्थामा लागत अनुमान बमोजिमकै परिमाणका ३६० वटा स्टेप निर्माण भएको पाईयो। यसरी लागत अनुमान बमोजिम स्टेप निर्माण अस्वभाविक

देखिन्छ। साथै बाटो निर्माण २०० मिटरको देखिए पनि रेलिङ्ग कार्य २६० मिटरसम्म भएकोले थप ६० मिटर लामो रेलिङ्ग कार्य तथा लागत अनुमान बमोजिम २०० मिटर लामो बाटोमा १७४ वटा स्टेप संख्या हुनुपर्नेमा थप १८४ वटा स्टेपको सम्बन्धमा पालिकाले पुनः नापजाँच गरि नापी किताब, अनुगमन प्रतिवेदन, कार्यम सम्पन्न भएको सम्बन्धित वडाको सिफारिस प्रमाणको रुपमा पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३१,४५८ |

७६.६ **५नं वडा योजना सिम सिंचाई योजना** - पालिकाले ५ नं वडा सिम सिंचाई योजना निर्माण उपभोक्ता समिति मार्फय यस निर्माण कार्य गराउँदा उठेको नापी किताबमा पाईप खरिद ११०८ मिटर रहेको तर पाईपको लागि १७८५ मिटर खनिएको पाईयो। पाईप खरिद भन्दा ६७७ मिटर बढी खनिएको भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल उपर गर्नु पर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,०९९ |

७७ **उपभोक्ता समितिको कार्यको विश्वसनियता** - सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धी सम्बन्धी कार्यविधि,२०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यबस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट र फोटो र दृष्य सामग्री सम्लग्न गर्नु पर्नमा नगरेको, साथै उपभोक्ता समितिले बिभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संम्लग्न गरेमा कामको बिश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुऱ्याउनेमा सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन ।यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्वजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि बिश्वस्त हुने अबस्था छैन । यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।

७८ **प्रधानमन्त्री रोजगार कार्यक्रम —** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्:-

-सूचीमा समावेश भएका श्रमिकलाई प्रथमिकिकरण गरे पनि सो अनुसार कार्यान्वयन पूर्ण रुपमा भएको छैन।

-रोजगार कार्यक्रमको लागि प्राप्त भएको पुरै बजेट खर्च गर्न नसकेको हुँदा न्युन संख्याले प्राप्त गर्ने गरी रोजगारी सिर्जना भएको छ ।

- सय दिनको रोजगारी सिर्जना गर्ने उद्देश्य रहेकोमा श्रमिकले ८० देखि १०० दिनको रोजगारी सिर्जना भएको पाईयो ।

-श्रमिकले एक दिनको पारिश्रमिक वापत न्युन दररेट रु ५७७ मात्र प्राप्त गर्ने भएको हुँदा कार्य गर्ने चाहाना नरहेको गुनासो पालिकामा आउने पालिकाको भनाई रहेको छ ।

-पूर्वाधार एवं अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् ।

यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत, गोरेटो निर्माण र पर्खाल निर्माण लगायतका २७ वटा योजना तथा कार्यक्रम सञ्चालन गरी यस वर्ष २१८ जनालाई रोजगारी उपलव्ध गराई नेपाल सरकारको रु.१,०७,५७,००० र युवा रोजगारीका लागि रुपान्तरण पहल(आई.डि.ए विश्वबैंक) को रु. ३८,००,००० गरी कुल रु.१,४५,५७,००० खर्च गरी लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गरेको पाईयो। यसरी गरेको खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । यसमा सुधार र व्यबस्थित गर्नका लागि सरोकारवाला सवैको ध्यान जानु पर्ने देखिन्छ ।

७९ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले आ.व २०७९/८० मा मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट मात्र रु.४१,४३,५९२ कार्यालय सामान खरिद गरेकोमा पुर्णरुपमा प्रतिस्पर्धात्मक विधि अपनाइएको पाईएन । यस्ता कार्यलाई नियन्त्रण गरी पालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरे बमोजिम प्रतिस्पर्धी खरिद विधि अपनाउने तर्फ पर्याप्त ध्यान दिनु पर्दछ ।

८० **विद्यार्थी संख्याको सत्यापन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ। यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिंदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भईसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

८१ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५३ वटा सामुदायिक विद्यालयमा १७२ शिक्षक दरवन्दी रहेकोमा १६७ शिक्षकको पदपूर्ति रहेको छ ।

शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमशः ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२(क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ । पालिकाका स्थित ५३ वटा सामुदायिक विद्यालयमा ८,३९८ जना विद्यार्थी अध्ययनरत रहेका छन् । विद्यालयहरुको नमुना छनौट गरि हेर्दा देखिएको ब्यहोरा निम्नानुसार छन् ;-

| सि.न. | विद्यालयकोनाम | शिक्षकदरबन्दी | पदपुर्ति | विद्यार्थीसंख्या | शिक्षकविद्यार्थीअनुपात |
|---|---|---|---|---|---|
| १ | चिउरेलीमाला प्रा.वि | ३ | ३ | २६ | १:८ |
| २ | मोहन्याल आ.वि | ३ | ३ | ६८ | १:२२ |
| ३ | राष्ट्रिय आ.वि | ३ | ३ | १०१ | १:३३ |
| ४ | कालिका राष्ट्रिय आ.वि | ३ | ३ | १५५ | १:५१ |
| ५ | मोहन्याल मा.वि | ३ | ३ | ४६२ | १:१५४ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:८ देखि १:१५४ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा वालविकास केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

८२ **छात्रवृत्ति बढी निकासा -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७९/८० को क्रियाकलाप नं. ७.२.१.१ IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृत्ति रकम अनुदान दिने व्यवस्था छ । केही विद्यालयको नमुना छनौट गरी हेर्दा पालिकाले देहायबमोजिमका विद्यालयहरुमा विद्यार्थी संख्या भन्दा बढी रकम निकासा गरेको देखिन्छ । बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु.

| सि.नं | विद्यालयको नाम | जना | दर | बढी निकासा रकम |
|---|---|---|---|---|
| १ | राष्ट्रिय मा.वि | ४० | ४०० | १६,००० |
| २ | जनता आ.वि | ४ | ४०० | १,६०० |
| जम्मा | | | | १७,६०० |
| | | | असुल गर्नुपर्ने | १७,६०० |

८३ **अनुगमन नियमन व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनु पर्दछ ।

८४ **दिवा खाजाको हाजीरी अस्वभाविक देखिएको -** आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजा वापतको रकम अनुदानका लागि स्थानीय तहले दिवा खाजा उपलब्ध गराईएका विद्यालयहरुको विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र वि.व्य.स अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्यामा एकिन भए पश्चातमात्र थप अनुदान दिने व्यवस्था मिलाउने र तेस्रो चौमासिक निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिक निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चितता गर्ने उल्लेख छ । पालिकाले गौ.भौ नं ६९ मिति २०७९/९/०७ मा दिवा खाजा वापतको रकम रु. ८१,६२,१००, गौ.भौ नं ३८२ मिति २०८०/०३/१७ मा रु.६७,७१,५९१ निकासा गर्दा विद्यालयहरुमा विद्यालयका प्रधानाध्यापक र वि.व्य.स अध्यक्षबाट प्रमाणित गराएको विद्यार्थीको दैनिक हाजिरी पुस्तिकामा हाजिरी अस्वभाविक भेटिएको छ । सबै विद्यार्थिको सबैदिन उपस्थिति तथा सबै कक्षाको समान उपस्थिति देखिएको छ । यस सम्बन्धमा पालिकाले अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८५ **सामाजिक सुरक्षा वितरण —** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ लाभग्राही नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि सामाजिक सुरक्षा वितरण गर्नुपर्ने छ । पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता वापत ग्लोबल आईएमई, सिटिजन, प्रभू, लक्ष्मीसनराईज बैंकमार्फत प्रथम, द्वितिय, तृतिय र चौंथो किस्ता गरी जम्मा रु. ८,५३,८६,८२६ निकासा भएको देखिन्छ भने रु. ८,५१,१२,६१२।०१ वितरण गरी बाँकी भएको रु. २,७४,२१२।९९ फिर्ता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-

८५.१ **केवाइसी अपडेट-** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भई सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेको एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

८५.२ **लाभग्राही नवीकरण -** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस

आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## अनुगमन लेखापरीक्षण

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: मोहन्याल गाउँपालिका, कैलाली , मोहनयाल गाउँपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Raj Bahadur Sarki | २०७८-१२-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dhurba Bahadur Khatri | २०७८-११-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८४२,५२९ | २७,७८१,०५७ | ९,५५८,२२७ | ० | ० | ० |
| | | | | प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | ३९,१८१,८१३ |
| | | | | प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु. | ० |
| | | | | संपरीक्षणबाट थप भएको बेरुजू रु. | ० |
| | | | | लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | ३९,१८१,८१३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५२३९९०३६.६१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१९७१२३०७.९८ | चालु खर्च | २८९४९२०६१.७८ |
| प्रदेश सरकारबाट अनुदान | ६९६००००.० | पूँजीगत खर्च | १४११८६६०१.५९ |
| राजश्व बाँडफाँट | १०६४९६८७७.६८ | वित्तीय/अन्य व्यवस्था | ९७५१३३१३.७४ |

| | | | |
|---|---|---|---|
| **आन्तरिक आय** | २७४७२११.५६ | | |
| **अन्य आय** | ११५०५३७२६.२९ | | |
| **कुल आय** | ५५०९७०१२३.५१ | **कुल खर्च** | ५२८१९१९७७.११ |
| **बाँकी मौज्दात** | | ७५१७७१८३.०१ | |